# राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार,काठमाडौ

## (१) पृष्ठभूमि

नयाँ नयाँ प्रविधिको प्रयोगका कारण कार्यस्थलमा जोखिम र जटिलता बढ्दै गइरहेको छ। कार्यस्थलको अवस्था, कार्य प्रकृया, उत्पादन तथा कार्यसञ्चालन प्रविधिमा हुने परिवर्तन र उत्पादन प्रक्रियामा प्रयोग हुने रसायनको बढ्दो प्रयोगबाट समेत व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको क्षेत्रमा जोखिम बढ्दै गइरहेको छ। यसबाट श्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यमा विभिन्न समस्या एवं चुनौतीहरु थपिंदै गइरहेका छन्। व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको समुचित प्रबन्धबाट श्रमिकको उत्पादकत्व अभिवृद्धि हुनुको साथै मुलुकको समग्र आर्थिक एवम् सामाजिक विकासमा सकारात्मक प्रभाव पर्दछ।

उपर्युक्त सन्दर्भमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रणाली, सिद्धान्त तथा व्यवहारलाई दृष्टिगत गर्दै मुलुकमा स्वस्थ, सुरक्षित, एवम् व्यवस्थित कार्यस्थल निर्माण गर्न विगतको अभ्यास, अनुभव, कमी कमजोरी तथा पृष्ठपोषणका आधारमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिमा सुधार गर्नुपर्ने देखिएको छ। नेपाल सरकारको पन्ध्रौ योजना (आ.व.२०७६/७७-२०८०/८१) को आधारपत्रमा सबै नागरिकलाई मर्यादित रोजगारीको अवसर उपलब्ध गराउन प्रतिष्ठानहरुमा श्रमिकहरुको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड लागू गर्ने गरी कार्यनीति अवलम्वन गरिएको छ। त्यसैगरी नेपालको संविधानमा उल्लेखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति अनुरुप सबै प्रकारको व्यवसायमा संलग्न व्यक्तिको सुरक्षा, स्वास्थ्य र कार्य वातावरणको समुचित प्रवन्ध मिलाउनका लागि समेत व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिमा सुधार ल्याई कार्यस्थललाई स्वस्थ, सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन ठोस नीतिगत व्यवस्था गरी समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन गर्न जरुरी देखिएको छ।

यसै वास्तविकतालाई मध्यनजर गरी सुरक्षित एवम् स्वस्थ कार्यस्थलको सुनिश्चितताका लागि नेपाल सरकारले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ तर्जुमा गरेको छ।

## (२) विगतका प्रयास

कार्यस्थलमा विद्यमान जोखिम तथा खतराबाट श्रमिकको सुरक्षा र स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न कानूनी व्यवस्थाको आवश्यकता महसुश गरी वि.स. २०१६ सालमा कारखाना तथा

कारखानामा काम गर्ने मजदुर सम्बन्धी ऐन तर्जुमा गरिएको थियो। उक्त ऐनमा कार्यस्थलमा सुरक्षाको उचित प्रबन्ध सहित कारखाना निरीक्षणको व्यवस्था गरिएको थियो। यसै सन्दर्भमा वि.स. २०२२ सालमा कारखाना निरीक्षकको कार्यालयको स्थापना भएको थियो।उद्योग र औद्योगिक क्षेत्रको विस्तारका कारण कारखाना निरीक्षकको कार्यक्षेत्रमा भएको विस्तारसंगै उक्त कार्यालयलाई श्रम कार्यालयमा रुपान्तरण गरियो । वि.सं. २०३८ सालमा श्रम प्रशासन र श्रमिकको मामला हेर्ने गरी छुट्टै श्रम मन्त्रालयको स्थापना गरियो। व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको विषयलाई प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०५२ साल देखि व्यवसायजन्य सुरक्षा र स्वास्थ्य आयोजनाको संचालन भएको थियो।उक्त आयोजनालाई व्यवसायजन्य सुरक्षा र स्वास्थ्य केन्द्रको रुपमा स्थायी संरचनामा परिवर्तन गरिएको छ।

**(३) विद्यमान अवस्था**

मर्यादित श्रमको अवधारणा अनुरुप श्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गर्न श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ मा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत व्यवस्थाको साथै यस सम्बन्धमा रोजगारदाता, श्रमिक, उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ता र जिम्मेवार व्यक्तिको कर्तव्यका साथै प्रतिष्ठानमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिको गठन जस्ता महत्वपूर्ण प्रावधानहरु समावेश गरिएको छ । सबै रोजगारदाताले श्रम ऐन तथा नियमावलीको अधीनमा रही कार्यस्थलमा श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाई लागू गर्नुपर्ने व्यवस्था गरिएको छ। उपर्युक्त कानूनी व्यवस्थाको परिपालना भए नभएको अनुगमन गर्नुका साथै श्रम प्रशासन र निरीक्षणको कार्य श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मुलुकभरका ११ वटा श्रम तथा रोजगार कार्यालयहरुबाट भइरहेको छ । यसैगरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रबाट व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी जनचेतना, तालिम एवम् नीतिगत पृष्ठपोषण गर्ने कार्य हुदै आएको छ।व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ध्वनी र प्रकाशका मापदण्डहरु वि.स.२०७४ मा जारी गरी लागू गरिएको छ । यसका साथै इट्टा उद्योगमा कामगर्ने श्रमिकहरुका लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७४ जारी भई हाल कार्यान्वयनमा रहेको छ ।

## (४) समस्या र चुनौती

विगतमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी कानूनी तथा संस्थागत व्यवस्था गर्ने प्रयास गरिएको भएतापनि कार्यस्थललाई पूर्णरुपमा स्वस्थ, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने कार्य अद्यापी चुनौतीपूर्ण नै रहेको छ। विद्यमान कानूनी तथा संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि व्यवसायजन्य स्वास्थ्य र सुरक्षा प्रणालीलाई दिशानिर्देश गर्न सो सम्बन्धी राष्ट्रिय नीतिको अभाव रहेको छ । कार्यस्थललाई सुरक्षित र व्यवस्थित गर्न रोजगारदाताले पर्याप्त ध्यान पुर्याउन नसक्नु, कानूनी व्यवस्थाको परिपालना अपेक्षित रुपमा प्रभावकारी नहुनु, प्रतिष्ठानहरुमा कार्यरत श्रमिकहरुमा यस सम्बन्धी पर्याप्त ज्ञान तथा चेतनाको कमी हुनु र श्रम निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन दक्ष जनशक्तिको कमी हुनु जस्ता प्रमुख समस्याहरु यस क्षेत्रमा विद्यमान रहेका छन् ।

कार्यस्थल दुर्घटनाका कारण तथा व्यवसायजन्य रोग पहिचान गर्ने, यस सम्बन्धी अध्ययन र अनुसन्धान कार्यलाई संस्थागत गर्ने, नविन प्रविधि तथा रसायनहरुको प्रयोगप्रति श्रमिकलाई प्रशिक्षित गर्ने, सुरक्षित एवम् स्वस्थ वातावरणमा काम गर्न पाउने अधिकारलाई सुनिश्चित गर्ने, कार्यस्थलमा हुने दुर्घटना र व्यवसायजन्य रोग न्यूनीकरण गर्ने जस्ता प्रमुख चुनौतीहरु यस क्षेत्रमा रहेका छन् ।

## (५) नीतिको आवश्यकता

व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयलाई कार्य सँस्कृतिको रुपमा संस्थागत गरी सुरक्षित एवम् स्वस्थ कार्यस्थलको विकास गर्न देहायका पक्षहरुमा सुधार ल्याउनेगरी राष्ट्रिय नीति तर्जुमा गरिएको छ :

क. सुरक्षित एवम् स्वस्थ कार्य वातावरण सुनिश्चित गरी उत्पादकत्व वृद्धि गर्न,

ख. कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रणालीमा सुधार गरी मानवीय एवम् भौतिक क्षतिको न्यूनीकरण गर्न,

ग. सुरक्षा एवम् स्वास्थ्यको दृष्टिबाट उद्योग, व्यवसाय, पेशा वा श्रम मूलक क्रियाकलापहरुको वर्गीकरण गरी सुरक्षित कार्यस्थल बनाउन आवश्यक पर्ने मापदण्ड, सूचकाङ्क र उपयुक्त सुरक्षा प्रणालीको विकास गर्न,

घ. प्रतिष्ठानस्तरको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति निर्माणका लागि मार्गदर्शन गर्न,

ङ. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यहरुको प्रवर्द्धन, नियमन, अध्ययन र अनुसन्धान तथा संस्थागत क्षमता अभिवृद्धि गर्न,

च. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको निरीक्षण तथा प्रमाणीकरण व्यवस्थापन प्रणालीको विकास गरी संस्थागत गर्न, र

छ. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सूचना व्यवस्थापन प्रणाली विकास गरी तथ्यांक अद्यावधिक गर्न।

**(६) नीति निर्माणका आधार**

नेपालको संविधानले अवलम्बन गरेको मर्यादित र उचित श्रम अभ्यासको अवधारणा समेतलाई आधार मानी राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ तर्जुमा गरिएको छ। यो नीति तर्जुमा गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विद्यमान अवस्था, विगतका प्रयासहरु, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुभव र असल अभ्यास तथा श्रम ऐन, २०७४ का व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रावधानलाई समेत आधार लिइएको छ।यस नीतिमा रोजगारदाता, ट्रेड युनियन तथा अन्य सरोकारवालाहरुसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त रचनात्मक सुझावहरु समेत समावेश गरिएको छ। नीति तर्जुमा गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी विषयमा अन्तराष्ट्रिय श्रम संगठनका महासन्धिहरु खास गरी महासन्धि १५५ र अन्तर्राष्ट्रिय रुपमा विभिन्न संस्थाद्वारा जारी गरिएका मार्ग निर्देशनका साथै औद्योगिक व्यवसाय ऐन, वातावरण संरक्षण ऐन तथा अन्य प्रचलित ऐन, नियम र नीतिहरुलाई समेत सन्दर्भ स्रोतका रुपमा उपयोग गरिएको छ ।

**(७) दूरदृष्टि**

सुरक्षित तथा स्वस्थ कार्य वातावरणमा काम गर्न पाउने श्रमिकको अधिकार सुनिश्चित एवम् उत्पादकत्व अभिवृद्धि।

**(८) लक्ष्य**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको मापदण्ड र उपायहरुको अवलम्बन एवम् अभ्यास गर्दै सुरक्षीत कार्यस्थल सुनिश्चित गर्ने।

**(९) उद्देश्यहरु**

यस नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

क. श्रमिकको सुरक्षा, स्वास्थ्य र कार्य वातावरणमा सुधार गर्नु,

ख. कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जोखिम न्यूनीकरण गर्नु,

ग. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य र श्रमिकको उत्पादकत्व बीच अन्तर्सम्बन्ध कायम गर्नु, र

घ. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको उचित प्रावधानद्वारा उत्पादन बढाउनु ।

**(१०) रणनीति तथा कार्यनीतिहरु**

उपर्युक्त उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनीतिहरु अवलम्वन गरिने छ:

**रणनीति १.**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीतिगत एवं कानूनी सुधार तथा परिमार्जन गर्ने ।

**कार्यनीतिहरु:**

१. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी ऐन, नियम एवम् मापदण्ड निर्माणका साथै विद्यमान कानूनी व्यवस्थालाई संघीय संरचना अनुकूल हुनेगरी पुनरावलोकन गरिनेछ।
२. कार्यस्थलमा विद्यमान जोखिम तथा व्यवसायजन्य रोग सम्बन्धी मापदण्ड, आचारसंहिता तथा निर्देशिका तयार गरी लागू गरिनेछ।
३. उत्पादन प्रकृया र पद्धतिलाई जोखिममुक्त बनाउन तथा मेसिन औजारको सुरक्षित संचालन गर्न आवश्यक कार्यविधि (Standard Operating Procedure) र आचार संहिता तर्जुमा गरी लागू गरिनेछ।
४. अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विषय क्षेत्रगत निरीक्षण र अनुगमन निर्देशिका बनाई लागू गरिनेछ।

**रणनीति २.**

सुरक्षित तथा स्वस्थ कार्यस्थलका लागि नियमन तथा प्रोत्साहन गर्ने ।

**कार्यनीति**

१. कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सुनिश्चित गर्न सम्बद्ध सरोकारवालाहरुबीचको नियमित छलफल, अन्तरक्रिया र नियमन मार्फत रोजगारदाता र श्रमिक दुवै पक्षलाई जिम्मेवार एवम् जवाफदेही बनाइनेछ ।

२. व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्यका असल अभ्यास अवलम्बन गर्ने रोजगारदातालाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

३. जोखिमयुक्त मेशिन उपकरणको प्रयोगलाई क्रमश: प्रतिस्थापन गरी न्यून जोखिमयुक्त मेशिन उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

४. जोखिमयुक्त कार्य प्रक्रिया तथा मेशिन उपकरण तालिम प्राप्त दक्ष जनशक्तिबाट संचालन गर्ने व्यवस्था मिलाइने छ ।

५. कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

६. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य संस्कृतिको प्रवर्द्धन एवम् राष्ट्रिय एवं अन्तराष्ट्रिय मान्यता एवं मापदण्ड बमोजिम कार्य संचालन पद्धति लागू गर्ने प्रतिष्ठानलाई प्रोत्साहन गरिनेछ।

७. उद्योग प्रतिष्ठानका लागि भवन निर्माण र मेशिन एवम् औजार जडान गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्ड सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।

८. इजाजतपत्र प्राप्त परीक्षकबाट व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

९. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सुधारसंग सम्बन्धित नवीन प्रविधि जडान एवंसंचालन तथा स्थानीय प्रविधिको प्रयोग एवं स्तरोन्नति गर्ने प्रतिष्ठानलाई प्रोत्साहित गरिनेछ।

**रणनीति ३.**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीति**

१. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी तालिम एवं सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

२ जोखिमयुक्त प्रविधिको प्रयोग, व्यवसायजन्य दुर्घटना एवम् रोग तथा तिनको रोकथाम जस्ता व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सुधारसंग सम्बन्धित नवीन प्रविधि जडान एवं संचालनका साथै मेशिन उपकरण मर्मत सम्भार सम्बन्धी सीपमूलक तालिम प्रदान गरिनेछ। यस्ता प्रविधि जडान गर्दा स्थानीय प्रविधिको प्रयोग तथा स्तरोन्नतिलाई प्रोत्साहित गरिनेछ।

४ उत्पादन प्रकृया र पद्धतिलाई जोखिममुक्त बनाउन, जोखिमयुक्त रसायनको भण्डारण गर्न र शक्तिबाट सञ्चालन हुने साधन तथा मेसिन औजारको (Power Driven Machine and Tools) सुरक्षित संचालन गर्न आवश्यक कार्य संचालन कार्यविधि (Standard Operating Procedure) र आचार संहिता तर्जुमा एवं कार्यान्वयनका लागि सम्बन्धित रोजगारदातालाई आवश्यक प्राविधिक सहयोग एवम् सल्लाह प्रदान गरिनेछ।

५ कार्यस्थलमा हुन सक्ने आपतकालिन अवस्थाको व्यवस्थापन र सो सम्बन्धी असल अभ्यासको बारेमा जानकारी दिने गरी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

६ व्यवसायजन्य दुर्घटना तथा रोग र तिनको रोकथामका लागि सामाजिक संवादका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७ व्यवसायजन्य सुरक्षा सम्बन्धी तथ्याङ्किय विवरण (Safety Data Sheet) को आधारमा श्रमिक तथा रोजगारदाताहरुलाई जोखिमयुक्त रसायनहरुको प्रयोगका सम्बन्धमा पर्याप्त जानकारी गराइनेछ।

**रणनीति ४.**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुगमन, निरीक्षण, अध्ययन र अनुसन्धान लगायतका विषयमा सम्बद्ध निकायहरुबीच सहकार्य र समन्वय गर्ने।

**कार्यनीति**

१. कार्यस्थलको निरीक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच समन्वय एवं सहकार्य गरिनेछ।

२. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अध्ययन- अनुसन्धानका लागि सुविधा सम्पन्न प्रयोगशाला तथा अनुसन्धान केन्द्र जस्ता पुर्वाधार निर्माण एवं सञ्चालनका लागि तीनै तहका सरकारबीच आवश्यक समन्वय गरिनेछ ।

३. शिक्षण तथा अनुसन्धानमूलक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय गरी व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी अध्ययन-अध्यापन एवं अनुसन्धान गरिनेछ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी असल अभ्यासको आदानप्रदान गरिनेछ।

५. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विषयमा क्षमता अभिवृद्धि र चेतनामूलक कार्यक्रमका साथै सो सम्बन्धी विषयमा सामाजिक संवाद लगायतका विषयमा रोजगारदाता, श्रमिक, विषय विज्ञ, नागरिक समाज र विषयसंग सम्बन्धित अन्य संघ संस्थाहरुसंग सहकार्य गरिनेछ।

**(११) संस्थागत संरचना**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको व्यवस्थापन र नियमन गर्न तथा कार्यस्थल निरीक्षणलाई प्रभावकारी बनाउन संघ,प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार संस्थागत व्यवस्था गरिनेछ ।

**(१२) आर्थिक पक्ष**

यो नीति कार्यान्वयनको लागि एकीकृत कार्ययोजना बनाइनेछ। कार्ययोजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा सो विषय समावेश गर्ने गराउने व्यवस्था मिलाइनेछ।

**(१३) कानूनी व्यवस्था**

उल्लेखित प्रावधानहरु कार्यान्वयनका लागि आवश्यक पर्ने कानून रणनीति १ अन्तर्गत प्रस्ताव गरिए अनुरुप तर्जुमा गरिनुका साथै आवश्यकता अनुसार सम्बन्धित ऐन, नियममा समसामयिक सुधार गर्दै लगिनेछ ।

**(१४) अनुगमन र मूल्याङ्कन**

यो नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको अध्यक्षतामा संलग्न अनुसूची बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ। साथै प्रदेश र स्थानीय तहले पनि आ-आफ्नो संरचना भित्र अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

**(१५) नीति कार्यान्वयन र पुनरावलोकन**

नीति कार्यान्वयनको समीक्षा तीनवटै तहका सरकारबाट प्रत्येक वर्ष गरिनेछ। नीति कार्यान्वयनको परीक्षण गरी प्राप्त नतिजा र प्रभावका आधारमा नीतिको संशोधन एवम् परिमार्जन गरिनेछ। यो नीति पाँच पाँच वर्षमा पुनरावलोकन गरिनेछ।

## अनुसूची
दफा १४ संग सब्धन्धित

| | |
|---|---|
| मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - अध्यक्ष |
| सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| सचिव, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| प्रतिनिधि, रोजगारदाताको तर्फबाट एकजना महिला सहित तीन जना | - सदस्य |
| प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको सिफारिशमा एकजना महिला सहित तीन जना | - सदस्य |
| सह-सचिव. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य सचिव |